नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक बिभाग
योजना तथा डिजाईन महाशाखा
योजना, अनुगमन तथा मुल्यांकन शाखा

ई-मेल: pmeunit@dor.gov.np
फयाक्स: (९७७)-१-४२६२९९३
फोन: ४२६२६९३
एक्सचेन्ज: २२१२, २२१३, २२१०

बबरमहल, काठमाण्डौ ।

पत्र संख्या: यो.डि.०७१/७२
चलानी नम्बर : १३८

मिति: २०७१/१२/२३

**बिषय :- P1 प्राथमिकतामा परेका ब.उ.शि.नं. ३३७१२३, ३३७३३५, ३३७३५४, ३३७३५५ को त्रिवर्षीय प्रक्षेपण अनुसार वहुवर्षीय ठेक्का गर्ने स्वीकृती सम्बन्धमा ।**

श्री स.वि., संभार महाशाखा, बबरमहल ।
श्री स.वि., पूर्वान्चल क्षेत्रीय सडक निर्देशनालय, दमक, झापा ।
श्री स.वि., मध्यमान्चल क्षेत्रीय सडक निर्देशनालय, बबरमहल, काठमाण्डौं ।
श्री स.वि., पश्चिमान्चल क्षेत्रीय सडक निर्देशनालय, पोखरा ।
श्री स.वि., मध्यपश्चिमान्चल क्षेत्रीय सडक निर्देशनालय, सुर्खेत ।
श्री स.वि., सुदूरपश्चिमान्चल क्षेत्रीय सडक निर्देशनालय, सिलगढी, डोटी ।

उपरोक्त विषयमा श्री भौतिक पूवाधार तथा यातायात मन्त्रालयको मिति ०७१/११/२०, च.नं. १२६९ पत्रमा उल्लेख भए बमोजिम एवं श्री अर्थ मन्त्रालयको च.नं. २ मिति ०७१/४/१ को आर्थिक वर्ष ०७१/७२ को खर्च गर्ने अख्तियारीको "ख" मा उल्लेखित बजेट निकाशा तथा बजेट कार्यान्वयन व्यवस्थाको बुंदा नं. १.६ मा "त्रिवर्षीय खर्च अनुमानको सिमाभित्र रही राष्ट्रिय गौरवका आयोजना र प्रथम प्राथमिकता प्राप्त आयोजनाहरुको हकमा राष्ट्रिय योजना आयोगवाट कार्यक्रम स्वीकृती गराई वहुवर्षीय ठेक्का लगाउन सकिने छ । यस्तो ठेक्का सम्झौता भए पछि सो को जानकारी अर्थ मन्त्रालयलाई दिनु पर्नेछ" भनि लेखिएकाले सोही प्रावधान भित्र रही मन्त्रालयवाट संलग्न पत्रमा उल्लेख गरिएका विभिन्न ४ वटा बुंदाहरुको अधिनमा रही उक्त सडकहरुको वहुवर्षीय ठेक्कापट्टाको प्रक्रियावाट सडकहरुको निर्माण कार्य गर्न नेपाल सरकार (सचिवस्तर) मिति ०७१/११/२० को निर्णयानुसार सैद्धान्तिक सहमति प्राप्त भएको छ ।

उक्त पत्रमा उल्लेख भएका बुंदाहरुमा उल्लेख भए अनुसार चालु आ.व.मा वार्षिक विकास कार्यक्रम भाग १ मा समावेश रहेका व.उ.शि.नं. ३३७१२३-४ (क्षेत्रीय तथा पर्यटकीय महत्वका सडकहरु), ३३७३३५-४ (संभावित रणनीतिक सडकहरु), ३३७३५४-४ (मिथिला क्षेत्र सडक सुधार) र ३३७३५५-४ (संभावित प्रादेशिक सडकहरु) मार्फत कार्यान्वयन भैरहेका प्रथम प्राथमिकता P1 प्राप्त आयोजनाहरु लाई **तपशिल अनुसारको शर्तहरुको अधिनमा रही त्रिवर्षीय प्रक्षेपण अनुसारको बहुवर्षीय ठेक्कापट्टाको प्रक्रियावाट सडकहरुको निर्माण गर्न मिति ०७१/१२/२२ को विभागीय सहमति प्रदान भएकाले उपरोक्तानुसार गर्न गराउन हुन निर्देशानुसार अनुरोध छ ।**

**तपशिल**

१) चालु आ.व.को वार्षिक विकास कार्यक्रम, रातो किताबमा समावेश भई बजेट तोकिएका माथि उल्लेखित व.उ.शि.नं. मार्फत प्राथमिकता १ मा परेका सडक योजनाहरुको चालु आ.व.मा विनियोजित र आगामी दुई आ.व. (०७२/७३ र ०७३/७४) को प्रक्षेपित बजेटको सिमा भित्र रही सिर्जित दायित्व कटाएर मात्र वहुवर्षीय ठेक्कापट्टाको प्रक्रिया अगाडी वढाउने । उपरोक्तानुसार वहुवर्षीय ठेक्कापट्टाको कारवाही अगाडी वढाउंदा श्री राष्ट्रिय योजना आयोगको सचिवालय एवं मन्त्रालयवाट विभिन्न मितिमा बहुवर्षीय ठेक्काको स्वीकृती भएका वाहेकका सडकहरुको मात्र वहुवर्षीय ठेक्कापट्टा सम्बन्धी कारवाही अगाडी वढाउने ।

२) श्री अर्थ मन्त्रालयको च.नं. १४३० पत्रमा उल्लेख भए अनुसार श्री राष्ट्रिय योजना आयोगवाट चालु आ.व.को बीचमा थपिएका विभिन्न योजनाहरुलाई वजेट निकाशा गर्न नसकिने उल्लेख भएकाले उक्त सडकहरुको हकमा श्री अर्थ मन्त्रालयवाट वजेटको सुनिश्चितता प्राप्त भए पछि मात्र बहुवर्षीय ठेक्कापट्टाको कारवाही अगाडी वढाउने ।

३) उक्त प्रावधानअनुसार वहुवर्षीय ठेक्कापट्टाको कारवाही अगाडी वढाउंदा ठेक्कापट्टा पश्चात वचत हुन आउने रकम पुनः परिचालन गर्ने गरी कारवाही अगाडी नवढाउने ।

४) चालु आ.व.को लागि आवश्यक रकम सहित कार्यक्रम स्वीकृतीको लागि पेश गर्ने एवं ठेक्कापट्टा पश्चात हुन आउने सम्झौता रकम अनुसार चालु आ.व.को लागि आवश्यक वजेट माग गर्ने ।

५) चालु आ.व.मा व.उ.शि.नं. ३३७१२३ का समावेश भएका एवं नेपाल सरकारको नीति तथा कार्यक्रम /बजेट बक्तव्यको बुंदा नं. १०९ अनुसार मा. सभासदज्युहरु वाट समेत बहुवर्षीयको लागि सिफारीस भएका सडकहरुलाई त्रिवर्षीय प्रक्षेपण भित्र वहुवर्षीय ठेक्कापट्टाको कारवाही अगाडी नवढाउने साथै उक्त व.उ.शि.नं. ३३७१२३-४का केही सडकहरु श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अर्न्तगत विश्व बैंकको सहयोगमा संचालित SNRTP आयोजनामा समावेश भएकाले उक्त सडकहरुको पनि कारवाही अगाडी नवढाउने ।

१२/२३

लक्ष्मी दत्त भट्ट
इकाई प्रमुख (पि.एम.ई.यु.)
...का.नं. ३६३० 'क'